# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री वीरेन्द्रनाथ खुंजेली केही युरोपेली राष्ट्रहरूको भ्रमणमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा.) डा. पुरुषोत्तमनारायण सुवाललाई मिति २०४७।४।७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

नरसिंहनारायण सिंह

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय दाङका प्रमुख जिल्ला अधिकारी श्री वासुदेव खनाल मिति २०४७।१।६ देखि काठमाडौं जानु हुने भएकोले सोही मिति देखि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा मिति २०४७।१।२० को निर्णयानुसार राप्ती अञ्चलाधीश कार्यालयका सहायक अञ्चलाधीश श्री ज्ञानकाजी शाक्यलाई का.मु. मुकरर गरेको छ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय तनहुंका प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम लामिछाने मिति २०४७।१।६ देखि घर बिदामा बस्नुभएकोले सोही मितिदेखि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त कार्यालयको प्र.जि.अ. पदमा मिति २०४७।१।२० को निर्णयानुसार सोही कार्यालयका प्र.अ. श्री चिरन्जीवी भण्डारीलाई का.मु. मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।